म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२१ बुधबार, २ पुस २०८२ ने. सं. ११४६ थिंलागा 17 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रुखबाट लडेर घाइते भएका लामाको उपचारका क्रममा मृत्यु

हेटौंडा, १ पुस/रुखबाट लडेर घाइते भएका मकवानपुरका सुरेश लामाको मृत्यु भएको छ । मंगलबार बिहान रुखबाट लडेर गम्भीर घाइते भएका मनहरीका ३५ वर्षीय लामाको हेटौंडामा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मकवानपुर प्रहरीका अनुसार, जिल्लाको राक्सिराङ गाउँपालिका-८ टोक्चेराङ घरभई हाल मनहरी-७ स्थित काका डिसा लामाको घरमा बस्दै आएका थिए । मंगलबार बिहान अन्दाजी ८:५० बजेको समयमा लामा घरबाट करिब ३ किलोमिटर पश्चिमतर्फ रहेको मनकामना सामुदायिक वनमा घाँस काट्न गएका थिए । घास काट्ने क्रममा साजको रुखमा चढी घाँस काट्दै गर्दा एक्कासी करिब ३० फिट तल खस्दा उनी गम्भीर घाइते भएका थिए । गम्भीर घाइते भएका लामालाई उद्दार गरी उपचारको लागि हेटौंडा अस्पतालमा ल्याइएको थियो । उनको सोही अस्पतालमा उपचारको क्रममा १०:२५ बजेको समयमा चिकित्सकले मृतघोषणा गरेको प्रहरीले जनाएको छ ।

### संसदीय समिति, हाउस र संसदमा रहेका विधेयक रोकिए

## बागमती प्रदेशसभा बैठक अनिश्चित

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/विगत ४ महिनादेखि बागमती प्रदेशसभा बैठक अनिश्चित बनेको छ । भदौ २३ र २४ गतेको जेनजी आन्दोलन पश्चात् सभामुख भुवनकुमार पाठकले राजीनामा दिएसंगै रिक्त सभामुख पदमा सत्तारुढ दल कांग्रेस र एमालेबीच असहमति हुँदा प्रदेशसभा बैठक अन्यौलमा परेको हो ।

सामाजिक सञ्जालबाट राजीनामा घोषणा गरेका बागमती प्रदेशसभाका सभामुख पाठकले गत असोज १ गते लिखित राजीनामा दिएपछि सभामुख पदरिक्त भएको हो । तत्काल बैठक बस्ने कुनै सूचनासमेत नआएको प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले बताए । 'हामीले बैठकको सबै तयारी गरि सकेका छौं तर, अहिलेसम्म सरकार बाट बैठकको कुनै सूचना आइपुगेको छैन', सचिव पौडेलले भने, 'बैठकको सूचना आउनासाथ हामी त्यसमा जुट्छौं ।' गत कात्तिकको दोस्रो साता नै प्रदेशसभाको बैठक बोलाउने तयारी भएको थियो, त्यसका लागि अस्थायी रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडिको मुख्यमन्त्री सभाहललाई मर्मतसम्भार र रङरोगन गरी तयार पारेपनि बैठक आह्वान हुन नसकेको उनले बताए ।

अहिलेसम्म प्रदेशसभा बैठकका लागि सरकारबाट कुनै जानकारी नआएकाले बैठक निश्चित नभएको सचिव पौडेलको भनाइ छ । सरकारको सिफारिसमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले यही मङ्सिर



३ गते रातिबाट प्रदेशसभाको अधिवेशन अन्त्य गरेका थिए । तर, रिक्त सभामुख पदमा सत्तारुढ दुवै दलबीच सहमति नहुँदा सरकारले बैठक नबोलाएको हुनसक्ने सचिव पौडेलको अनुमान छ । प्रदेशसभाको बैठक बोलाएको १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने कानुनी व्यवस्था छ । त्यसैले सत्तारुढ दलबीच सभामुखमा सहमति नजुटेसम्म प्रदेशसभाको बैठक नबोलाउने रणनीतिमा सरकार रहेको सचिव पौडेलले बताए ।

पछिल्लो समय दलहरु पार्टी संरचना निर्माण तथा महाधिवेशनमा जुटेकाले तत्काल बैठक आह्वान हुने अवस्था नरहेको पौडेलले बताए । सचिव पौडेलका अनुसार संसद् बैठक बस्न नसक्दा सभामुख चयन प्रक्रिया अघि बढ्न सकेको छैन भने संसदीय समिति, हाउस र संसदमा रहेका विधेयक पनि रोकिएका छन् । हाल संसदमा २ वटा नयाँ विधेयक दर्ता भएका छन् भने एउटा विचाराधीन अवस्थामा छ । एउटा विधेयक भने संसदीय समितिमा छलफलकै क्रममा छ । हेटौंडा-२ स्थित हेटौंडा उपमहानगरपालिकाको कार्यालय पछाडि रहेको सभाहलमा बैठक राख्ने तयारीस्वरुप भवनको निर्माण कार्य पनि गरिएको थियो ।

संसद् बैठक सञ्चालनका लागि आवश्यक कुर्सी, साउन्ड सिस्टमदेखि प्रत्यक्ष प्रसारणका उपकरणसम्मका सामग्री तत्कालका लागि भाडामा लिएर भएपनि बैठक सञ्चालन गर्ने तयारी गरिएको सचिव पौडेलले बताए । सभामुखमा कांग्रेस र एमाले दुवै दलले दाबी गर्दै आएका छन् । कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुखमा आफ्नो पार्टीको दाबी स्वाभाविक भएको एमाले संसदीय दलका प्रमुखसचेतक एकालाल श्रेष्ठले बताए । 'दुई पार्टीबीचमा सरकार बनेको छ, कांग्रेसले मुख्यमन्त्री पाएपछि सभामुख एमालेलाई दिनुपर्छ भन्ने हाम्रो धारणा हो' श्रेष्ठले भने, 'त्यसमा कुनै विवाद नरहेकाले यसलाई अगाडि बढाउनुपर्छ, यस विषयमा कांग्रेस र एमालेबीच कुनै विवाद छैन, केबल अड्कलबाजीमात्र हो', उनले भने ।

यता कांग्रेस बागमती प्रदेश संसदीय दलका मुख्यसचेतक पुकार महर्जनले सत्तारुढ दलबीच सभामुख पदमा आआफ्नै दाबी रहेकाले सहमति हुन नसकेको बताए । 'एमालेले पनि सभामुख हामीलाई चाहियो भनिरहेको छ, हामीले अबको केही महिनापछि मुख्यमन्त्री एमालेलाई दिनुपर्ने भएकाले सभामुख कांग्रेसलाई दिनुपर्ने भनिरहेका छौं ।' यस विषयमा सत्तारुढ दलबीच छलफल भइर हेकाले अब छिट्टै सहमति भएर प्रदेशसभाको बैठक बोलाइने प्रयास भइरहेको उनले बताए । 'हाम्रो विषय पनि हाउस (सदन) चाँडै सञ्चालन हुनुपर्‍यो भन्ने नै हो । यसका लागि मुख्यमन्त्रीसँग समय लिएको छु,' महर्जनले भने, 'सत्ता पक्षका सचेतकहरुलाई बोलाएर छलफल गर्दैछौं ।'

प्रदेश सरकारले प्रदेशसभाको हिउँदे अधिवेशन पुसको दोस्रो साताभित्र बोलाउने तयारी थालेको नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका मुख्य सचेतक महर्जनले जानकारी दिए । सदन बोलाउने विषयमा दलहरुबीच छलफल तथा समन्वय भइरहेको र पुसको दोस्रो सातासम्म सदन बोलाउनका लागि मुख्यमन्त्री र सत्ता साझेदार दलहरुसँग परामर्श भइरहेको उनले बताए ।

### बालाजुबाट पनि सवारी

## लाइसेन्सको ट्रायल खुलाउने तयारी



साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/यातायात व्यवस्था कार्यालय, बालाजुले सवारीचालक अनुमतिपत्र (लाइसेन्स) को लिखित तथा प्रयोगात्मक परीक्षा (ट्रायल) सञ्चालन गर्ने प्रक्रिया अघि बढाएको छ ।

कार्यालयका प्रमुख चेतनाथ भट्टराईका अनुसार हालसम्म कार्यालयले सवारी ब्लुबुक नवीकरण र कर संकलनको काम मात्र गर्दै आएको थियो । अब पूर्णक्षमतामा सेवाप्रवाह गर्ने तयारीस्वरुप ट्रायल सेन्टरका लागि प्रस्ताव आह्वान गरिएको उनले बताए । 'बागमती प्रदेश मन्त्रिपरिषद्को निर्णय र विभागीय मन्त्रीज्यूको निर्देशन अनुसार कार्यालयलाई पूर्ण क्षमतामा लैजान लागिएको हो' प्रमुख भट्टराईले भने, 'बालाजु कार्यालयलाई लाइसेन्ससहितको फुल फेजको अफिस बनाउने निर्णय भएको थियो । सोहीअनुसार हामीले ट्रायल सेन्टर छनोटको प्रक्रिया अगाडि बढाएका हौं ।'

कार्यालयले सूचना जारी गर्दै दुई पांग्रे चार पांग्रे तथा हेभी सवारीसाधनको प्रयोगात्मक परीक्षाका लागि आवश्यक पूर्वाधार र सवारीसाधन भाडामा लिन इच्छुक संस्थाहरुबाट शिलबन्दी प्रस्ताव माग गरेको छ । सूचनाअनुसार वर्ग 'क' र 'ट' (मोटरसाइकल, स्कुटर र मोपेड), वर्ग 'ख' र 'च' (कार, जिप, डेलिभरी भ्यान, मिनिबस र मिनिट्रक), र वर्ग 'ग' (ट्रक, बस र लरी)का लागि प्रस्ताव माग गरिएको हो । प्रस्तावअनुसार प्रयोगात्मक परीक्षा स्थल (ट्रायल सेन्टर) काठमाडौंको बालाजु चोकबाट ५ किलोमिटरको दुरीमा (चक्रपथभित्र वा बाहिर) हुनुपर्नेछ ।

ट्रायल सेन्टरमा एकैपटक १०० जना परीक्षार्थी सहभागी भई लिखित परीक्षा सञ्चालन गर्न सक्ने क्षमता भएको हल, चमेनागृह र पार्किङ सुविधा अनिवार्य गरिएको छ । साथै, दुईपांग्रे, चारपांगेर ठूला सवारीको ट्रायल एकै कम्पाउण्डबाट सञ्चालन हुनुपर्ने शर्त राखिएको छ । ट्रायलका लागि प्रयोग हुने साना सवारीसाधन (वर्ग 'क' र 'ख') सन् २०१९ वा सोभन्दा पछाडिको मोडेलको हुनुपर्ने कार्यालयले जनाएको छ । ठूला तथा मझौला सवारीको हकमा भने १० वर्ष भन्दा पुरानो हुननहुने मापदण्ड तोकिएको छ ।

यस्तै सानो भ्याङमा रहेको हालको कार्यालय पनि चालु वर्षभित्रै बालाजुमा सार्ने तयारी भइरहेको उनले बताए । प्रमुख भट्टराईकाअनुसार प्रदेश सरकारको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यसअघि नै बालाजुमा कार्यालय स्थापना गर्ने निर्णय भएपनि कार्यान्वयनमा आउन सकेको थिएन ।

प्रमुख भट्टराईका अनुसार कार्यालयको नाम बालाजु भए पनि हालसम्म सानोभर्याङबाटै सेवाप्रवाह भइरहेको छ । कार्यालयलाई बालाजु क्षेत्रमै स्थानान्तरण गर्ने योजना रहेपनि बजेट अभाव बाधक बनेको उनले बताए ।

## माध्यमिक तहका प्रधानाध्यापकसँग अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको आयोजनामा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि माध्यमिक तहका प्रधानाध्यापकसँग अन्तरक्रिया भइरहेको छ ।

अन्तरक्रियामा भरतपुर स्थित नारायणी नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापक पूर्णप्रसाद दवाडीले प्रधानाध्यापकको भूमिकाको विषयमा प्रस्तुती राखेका थिए । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीको अध्यक्षता तथा जिल्ला शिक्षा समिति मकवानपुरका अध्यक्ष ललितबहादुर घलानको प्रमुख आतिथ्यमा अन्तरक्रिया भएको हो । कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डको हेटौंडास्थित कार्यालयका प्रमुख बद्रीबहादुर पाठकको पनि आतिथ्य रहेको थियो ।

अन्तरक्रियामा २०८१ सालको एसईईमा उत्कृष्ट जीपीए ल्याउने विद्यालय, एसईईमा उत्कृष्ट औषत जीपीए हासिल गर्ने विद्यालयलाई सम्मान गरिएको छ । सम्मानित हुनेमा ३ वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालय रहेका छन् । मकवानपुरमा मावितहको सामुदायिक तर्फ १०५ वटा रहेको छ भने ३७ वटा संस्थागत गरी १४२ वटा विद्यालय रहेका छन् । सामुदायिकतर्फ शतप्रतिशत नतिजासहित औषत ग्रेड उत्कृष्ट रहेको मकवानपुरगढी गाउँपालिका-५, धादिङस्थित शारदा मावि, उकृष्ट औषत ग्रेडसहित हेटौंडा-९ स्थित प्रगति मावि, एक जनाको ४ जिपिएसहित उकृष्ट नतिजा रहेको हेटौंडा-५, पिप्लेस्थित बालज्योति मावि रहेको छ ।

यस्तै सस्थागततर्फ हेटौंडा-१० स्थित सोलिड्यारीटी इन्टरनेशनल एकेडेमी, हेटौंडा-२, बासुदेवमार्गस्थित बालजागृति इङ्लिस सेकेन्डरी स्कुल एकजनाको ४ जिपिएसहित उकृष्ट नतिजा रहेको छन् भने दुईजनाको ४ जिपिएसहित उकृष्ट नतिजा रहेको हेटौंडा-४ स्थित नवोदय शिशुसदन मावि रहेको छ ।

शतप्रतिशत नतिजा हाँसिल गर्नेमा हेटौंडा-६ स्थित शुनगाभा शिक्षा निकेतन इङ्लिस स्कुल, थाहा नगरपालिका-१, ओखरबजारस्थित पालुङ मोर्डन इंङलिस मिडियम स्कुल, हेटौंडा-११, नवलपुरस्थित जेम्स इङलिस मिडियम स्कुल र हेटौंडा-१८, खड्कुलेमा रहेको मकवानपुर बालविद्या सदन रहेको छ ।

## ट्याक्टर दुर्घटना हुँदा ३ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/मकवानपुरको बकैया गाउँपालिका-७ अँधेरीमा मंगलबार दिउँसो ट्याक्टर दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ भने १९ जना घाइते भएका छन् ।

दिउँसो लु ५ त १७४ नम्बरको ट्याक्टर दुर्घटना हुँदा घाइते भएका २२ जनामध्ये ३ जनाको उपचारको क्रममा मृत्यु भएको हो । घाइतेमध्ये हेटौंडा अस्पतालमा उपचारको क्रममा ३ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएस्पी पुष्कर बोगटीले जानकारी दिए । उनका अनुसार मृत्यु हुनेमा बकैया गाउँपालिका-७ अँधेरी बस्ने ५५ वर्षीय केशव माझी, ५५ वर्षीय युवराज माझी र ४५ वर्षका सन्तलाल माझी रहेका छन् । हेटौंडा अस्पतालमा सामान्य चेकजाँच पश्चात चिकित्सकले उनीहरुलाई मृतघोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

दुर्घटनामा घाइते भएका अन्य व्यक्तिको हेटौंडा अस्पताल तथा चुरेहिल अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दुघर्टनमा परेका व्यक्तिहरु काठमाडौं-तराई-मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) मा काम गर्ने कामदार हुन् । उनीहरु काम गरेर खाना खाना ट्याक्टर चढेर आउने क्रममा दुर्घटनामा परेको प्रहरीको भनाइ छ ।

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.को**

**१५ औं वार्षिक साधारणसभा तथा चौथो अधिवेशन सम्बन्धी सूचना**

मिति २०८२/०८/१४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाका पन्ध्रौं वार्षिक साधारण सभा तथा चौथो अधिवेशन निम्न विषयहरुमा छलफल गरी निर्णय तथा पारित गर्न तपसिल अनुसारको निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त सभामा यहाहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरु :**

१. साधारण सभाको वैधानिकता सम्बन्धमा ।
२. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. ०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. आर्थिक प्रतिवेदन तथा चालु आ.व. २०८२/०८३ को वार्षिक अनुमानित बजेट सम्बन्धमा ।
५. लेखा समितिको प्रतिवेदन सम्बन्धमा
६. आ.व. ०८२/८३ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निधारण सम्बन्धमा
७. संस्था एकीकरण सम्बन्धमा ।
८. विनियम संसोधन सम्बन्धमा ।
९. निति तथा कार्यविधि संसोधन तथा अनुमोदन सम्बन्धमा ।
१०. शेयर लाभांश र संरक्षित पूंजी फिर्ता कोष सम्बन्धमा ।
११. निष्क्रिय शेयर सदस्य सम्बन्धमा ।
१२. पन्ध्रौं वार्षिक साधारण सभाको माइन्युट प्रमाणित गर्नकालागि सदस्यहरुको छनौट सम्बन्धमा।
१३. चौथो अधिवेशन सम्बन्धमा ।
१४. विविध ।

**तपशिल**

मिति : २०८२ पुष १९ गते शनिबार
स्थान : गोरक्षेश्वर धाम, राप्ती तट, हेटौंडा-१०
समय : विहान १०:३० बजे देखि

आशा ढकाल
सचिव

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१०, राप्तीरोड

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा बजार क्षेत्रमा जोखिम

नेपालको पूर्वपश्चिम राजमार्ग अर्थात् महेन्द्र राजमार्ग 'एसियन हाइ-वे' अन्तरगत राखिएका कारण नेपाल सरकारले चाहेर पनि सडकको एलाइन्मेन्ट परिवर्तन गर्न सक्दैन । एसियाली विकास बैंक, वर्ल्ड बैंकले एसियन हाइ-वेको रुपमा नेपालको पूर्वपश्चिम राजमार्गलाई बिस्तार गर्न लागेको हो । यसका लागि राज्य जिम्मेवार बनेर जानुपर्ने हुन्छ । हेटौंडा बजारको दायाँबायाँ रहेका घरटहरालाई राज्यले प्रक्रियागत ढंगले उचित क्षतिपूर्ति दिएर सडक बिस्तार गर्नुको बिकल्प छैन । सडक स्तरोन्नतिका क्रममा कुल ५ सय भन्दा बढी संरचना प्रत्यक्ष प्रभावित भएका छन् । आयोजनाको प्रभाव क्षेत्रभित्र कुल एक सय ८० वटा सामुदायिक संरचना रहेका छन् । हेटौंडाको राप्तीदेखि कर्रा पुलसम्म २ सय ८५ घर, हेटौंडा बजारक्षेत्र बाहेकका दुईसय ५ घर र अन्य पालिकाभित्रका एक सय ९८ वटा घर प्रभावित हुने प्रतिवेदनमा उल्लेख छ । परियोजनाले पथलैयादेखि हेटौंडा हुँदै भरतपुरको गोन्द्राङसम्म कुल एक सय किलोमिटर सडक स्तरोन्नति गर्ने योजना रहेको बताएको छ । जसको विस्तृत डिजाइन तयार भइसकेको छ । ४ लेनको सडक सुदृढीकरणसँगै साइड ड्रेन, सर्भिस लेन, फुटपाथ तथा यातायात सुरक्षाका अन्य संरचना निर्माण गरिनेछ । सडक विभागको आयोजनामा तीन वर्षभित्र कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको भएपनि हेटौंडा बजार क्षेत्रको भग्नावशेष खाली नभएकै कारण बजार क्षेत्रमा डीपीआर तयार हुन सकेको छैन ।

डीपीआर तयार गर्नका लागि बजारक्षेत्रका घरटहरा हटाएर सबै खाली गराउनै पर्छ । जतिदिन बजार खाली गर्न सकिन्न त्यति नै ढिलाई हुने निश्चित छ । मुख्य बजारलाई जीर्ण राखेर सडक बिस्तारको काम अगाडि बढ्नेवाला छैन । परियोजनाको कुल लागत करिब ६३ अर्ब ६८ करोड रुपैयाँ रहेको छ । सडकको क्षेत्राधिकार केन्द्रबाट दायाबाँया २५/२५ मिटरको पथलैया-हेटौंडा-नारायणगढ सडकखण्ड पथलैयाबाट सुरु भई भरतपुर गोन्द्राङ्मा गएर टुगिंन्छ । पूर्व-पश्चिम राजमार्ग स्तरोन्नती आयोजनाअन्तर्गत पथलैया-हेटौंडा-नारायणगढ खण्ड स्तरोन्नति गरी दुई लेनको सड्कलाई ४ लेनमा परिवर्तन गरिनेछ । आयोजनाअन्तर्गत सडकको चौडाई सहरीक्षेत्रमा ५० मिटर, अर्धसहरीक्षेत्रमा ३७.४ मिटर र ग्रामीण तथा वनक्षेत्रमा २४ मिटर कायम भएको छ । सडकलाई दुई लेनबाट ४ लेनमा स्तरोन्नति गर्दा १३ स्थानमा जङसङ सुधार, सडकको दुबै भागमा सर्भिस रोड, साइकल लेन, सहरीक्षेत्रमा फुटपाथ, पैदलयात्रुको लागि ७ स्थानमा आकाशे पुल र १२ स्थानमा अन्डरपास, ४ किलोमिटर लम्बाई भएको २ भ्याडक्ट सहित २० स्थानमा वन्यजन्तु क्रसिङ, २२ नयाँ पुलहरु र २४८ बक्स कल्भट निर्माणमा स्लोप स्थिरिकरणका लागि सिभिल र १७८० स्थानमा सडक बत्ती रहनेछन् । प्रस्ताबित सडक स्तरोन्नति ५० मिटर क्षेत्राधिकार भित्र गरिने आयोजनाले जनाएको छ । करिब दुई वर्ष लगाएर गरिएको वातावरणीय परीक्षण मूल्यांकनमा सडक निर्माणको क्रममा बारामा ६९८१ रुख, मकवानपुरमा ७०९८ रुख र बाँकी २०७८ रुख चितवनमा कटान गरिने आयोजनाले जनाएको छ । निर्माणक्षेत्रमा कार्यरत मजदुरले आवश्यक सुरक्षाउपाय अवलम्बन नगर्दा हेटौंडामा दुर्घटनाको जोखिम बढ्दै गएको छ । हेटौंडा उपमहानगरक्षेत्रमा सडक विस्तारका क्रममा भत्काइएका भग्नावशेष हटाउने क्रममा पाँच जना मजदुर घाइते भएका छन् ।

हेटौंडा-१ पिपलबोट, उद्योग वाणिज्य संघ आसपासको क्षेत्रमा पछिल्लो ५ दिनमा भएका छुट्टाछुट्टै तीन घटनामा पाँचजना मजदुर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । गत आइतबार हेटौंडा-१ पिपलबोटस्थित उद्योग वाणिज्य संघ अगाडि रहेको घर भत्काउने क्रममा तीनजना मजदुर घाइते भएका थिए । यसअघि मङ्सिर २४ र २६ गते पनि घर भत्काउने क्रममा दुईजना कामदार घाइते भएका थिए । उनीहरुको उपचार जारी छ । निर्माणक्षेत्रका अधिकांश मजदुर हेल्मेट, जुत्ता, पञ्जा र सेफ्टी बेल्ट जस्ता आधारभूत सुरक्षा सामग्रीबिना नै जोखिमपूर्ण काममा खटिने गरेका छन् । सुरक्षासम्बन्धी मापदण्ड प्रभावकारीरुपमा कार्यान्वयन हुन नसक्दा मजदुर असुरक्षित अवस्थामा काम गर्न बाध्य भएका हुन् । जोखिम हुन्छ भन्ने थाहा हुँदाहुँदै पनि सुरक्षा सामग्री किन्ने क्षमता नहुँदा प्रयोग गर्न नसकिएको मजदुरले बताएका छन् । सरकारी अधिकारीहरुका अनुसार सडक विस्तारका क्रममा भत्काइएका संरचना र सडक पेटीमा थुप्रिएका सामग्री व्यवस्थापनका लागि प्रशासनले आवश्यक समन्वय मात्र गर्ने हो । सम्बन्धित घरधनी, व्यवसायी र मजदुरलाई सुरक्षा उपाय अपनाउन प्रशासनले आग्रह गरेको छ । सडक पेटीमै जीर्णअवस्थामा अझै पनि व्यापार सञ्चालन भइरहँदा व्यवसायी, मजदुर र सर्वसाधारणको सुरक्षा चुनौती बढेको छ । उनले भत्किएका संरचनाको व्यवस्थापन गर्ने पहिलो दायित्व सम्बन्धित घरधनी र व्यवसायीको नै भएको प्रशासनले बताएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस ३ गते बिहीबार १८ डिसेम्बर २०२५ । चतुर्दशी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:५० सूर्यास्त ५:१० । अन्तर्राष्ट्रिय आप्रवासी दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद हुन सक्ने | **तुला** | : व्यापारबाट फाइदा हुनेछ |
| **वृष** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मन प्रशन्न हुने देखिन्छ |
| **मिथुन** | : आफन्तको सहयोग मिल्नेछ | **धनु** | : नयाँ काम गर्न जागर आउनेछ |
| **कर्कट** | : यात्राको लागि राम्रो समय छ | **मकर** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **सिंह** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **कुम्भ** | : पढाइमा सहयोग मिल्नेछ |
| **कन्या** | : समय पूजापाठमा बित्नेछ | **मीन** | : रिसाउने बानीले हानि पुग्नेछ |

# के प्रत्यक्ष निर्वाचित कार्यकारी निरंकुश नै हुन्छ ?



✍काजी गुरुङ

पहिलो तथा दोस्रो संविधानसभाको कार्यकालमा नेपालको शासकीय स्वरूप अन्तर्गत प्रत्यक्ष निर्वाचित कार्यकारी कि संसद्बाट निर्वाचित प्रधानमन्त्री भन्ने बारे बहस चर्को रूपमा मुखरित भएको थियो । संविधान सुझाव सम्बन्धी समितिले जनतामा सुझाव लिने क्रममा पनि देशैभरबाट अत्यधिक जनताले प्रत्यक्ष निर्वाचित कार्यकारीका पक्षमा आफ्नो सुझाव जाहेर गरेका थिए । केही समय मत्थर देखिएको यो बहस पछिल्लो जेनजी आन्दोलनसँगै फेरी सतहमा आएको छ ।

तत्कालीन समयका प्रमुख राजनीतिक शक्तिहरू मध्ये नेकपा (माओवादी) र मधेसवादी दलहरू प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा थिए । नेकपा (एमाले) प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको पक्षमा थियो भने नेपाली काँग्रेस संसदीय व्यवस्था अन्तर्गतको संसद्बाट निर्वाचित प्रधानमन्त्रीको पक्षमा उभिएको थियो । तर संविधान निर्माणको चरणसम्म पुग्दा राजनीतिक शक्ति सन्तुलनका कारण अहिलेको संसदीय व्यवस्था नै कायम हुन पुग्यो । जसको सकारात्मक र नकारात्मक पाटोको विषयमा हामी भुक्तभोगी नै छौँ ।

नेपालले संसदीय राजनीतिको अभ्यासमा गरेको अनुभव अनुसार त्यसको प्रमुख चरित्र नै अस्थिरता र अवसरवाद नै देखिएको छ । काँग्रेस वा कम्युनिस्ट दुवै शक्तिले पाएको स्पष्ट बहुमतको कहिले पनि सदुपयोग हुन सकेन । नेपाली काँग्रेस ०४८ र ०५६ सालमा चुक्यो भने कम्युनिस्टहरू ०६४ को संविधानसभा र ०७४ मा चुक्न पुगे । अहिले कुनै पनि विचारधाराको एकल बहुमत पुग्ने सम्भावना क्षीण छ ।

कुनै पनि शासकीय प्रणाली आफैमा खराब हुँदैन । तर त्यसको प्रयोगले सफलता र असफलताको मापन भने गर्नै पर्ने हुन्छ । नेपालको सन्दर्भमा संसदीय व्यवस्थाको अभ्यास संसदीय मर्यादा र संस्कार अनुसार हुनै सकेन । यसलाई नैतिकताको कसीमा भन्दा पनि अङ्क गणितको खेलका रूपमा मात्र बुझियो र प्रयोग गरियो । जसकारण पार्टीहरूले पाएको एकल बहुमतको सरकार पनि पूरा कार्यकाल टिक्न सकेन ।

नेपालमा निरन्तर देखिने पार्टीहरूको अस्वाभाविक विभाजन, गठबन्धन, राजनीतिक अस्थिरता, अवसरवादी चरित्र, निर्वाचनको टिकट र राजनीतिक तथा संवैधानिक नियुक्तिमा हुने मोलमोलाइ ठुला समस्या हुन् । यी समस्याको मूलमा नेपाली राजनीतिमा देखिरहेको अन्त्यहीन राजनीतिक सङ्क्रमण छ । यो शासकीय स्वरूपसँग जोडिएको विषय हो । जसमा सरकार गठन र सञ्चालनको प्रमुख भूमिका रहेको हुन्छ ।

हामीले अभ्यास गरिरहेको संसदीय व्यवस्था सफल हुन्थ्यो भने पक्कै पनि पटक-पटक देशले ठुला आन्दोलन र विद्रोहको सामना गर्नु पर्दैन थियो होला । विद्यमान व्यवस्थाले उचित परिणाम निकाल्न नसक्दा नै अकल्पनीय रूपमा असन्तुष्टिहरू सडकमा पोखिने गरेका छन् । पछिल्लो बलशाली जेनजी आन्दोलन र त्यसको ठुलो क्षति सत्ताको गलत अभ्यास कै परिणाम हो ।

नयाँ पुस्ताले गरेको विद्रोह पछिको माग नै शासकीय प्रणालीमा सुधार र सुशासन हुनुपर्‍यो भन्ने हो । यसरी अहिले शासकीय प्रणालीको विषयमा सबै पक्षबाट भइरहेको बहसलाई सकारात्मक नै मान्नुपर्छ । अहिले केही स्थापित मिडिया र बुद्धिजीवीहरूले व्यवस्थित बहस चलाइरहेका छन् । केही राजनीतिक शक्तिहरू यसलाई चुनावी एजेण्डा बनाएर जाने तयारीमा पनि देखिन्छन् । अब नेपालमा अभ्यास हुन बाँकी यही एउटा विकल्प मात्र छ । संवैधानिक राजतन्त्र, सक्रिय राजतन्त्र, दलविहीन राणा व्यवस्था र पञ्चायत, बहुदलीय संसदीय व्यवस्था सबै अभ्यास भइसकेपछि आजको प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस अगाडि आएको हो ।

संसदीय राजनीतिमा विकृति देखिएका कारण नौलो विकल्पका रूपमा अगाडी सारिएको यस्तो बहसलाई एक प्रकारको अतिमा बुझ्ने गरेको पनि पाइन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारीलाई घोषित अवधिसम्म चलाउन नसकिने हुँदा अधिनायकवादी बन्छ भन्ने तर्क गर्ने गरिएको छ । कुनै सनकी मान्छे कार्यकारी निर्वाचित भयो भने देश दुर्घटनामा जान्छ भन्ने गरिएको छ । विविधतामूलक समाजमा एउटा व्यक्ति शक्तिशाली बन्ने कुरा राम्रो होइन भन्ने गरेको पनि पाइन्छ ।

प्रश्नरहित कुनै व्यवस्था हुँदैन भन्ने अर्को सत्य हो । निश्चय पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमाथि पनि थुप्रै शङ्का र प्रश्नहरू हुन सक्छन् । यसको पुष्टि प्रयोग गरेपछि मात्र हुन सम्भव छ । प्रत्यक्ष निर्वाचित कार्यकारी हुने प्रणाली वंशमा आधारित अनिर्वाचित राजतन्त्र जस्तो होइन । यो जननिर्वाचित व्यक्ति सरकार वा राज्यको प्रमुख हुने प्रणाली हो । यो जनप्रतिनिधि संस्था वा संसद्भन्दा पनि जनताप्रति सोझै उत्तरदायी हुन्छ । यसलाई अविश्वासको प्रस्तावद्वारा सामान्य बहुमतले अपदस्त गर्न सकिँदैन ।

गैरसंसदीय वा अध्यक्षात्मक प्रणाली अन्तरगतको कार्यकारी प्रणालीमा राष्ट्रपति शक्तिशाली सरकार प्रमुख हुन्छ । त्यसलाई मन्त्रिमण्डल गठन गर्दा सांसदहरू समावेश गर्नै पर्छ भन्ने बाध्यता हुँदैन । सांसद वा गैरसांसद जो कोहीलाई मन्त्रीमा नियुक्ति गर्न सक्छ । विज्ञहरूको मन्त्रिमण्डल गठन गर्न सक्छ । यहाँ संसद्को भूमिका नीति निर्माणमार्फत सरकारलाई दबाबमा राख्नु मात्र हुन्छ । सरकार बनाउने भूमिकामा संसद् रहँदैन ।

सरकारको नीति तथा कार्यक्रम एवं बजेट जस्ता महत्त्वपूर्ण विषयहरूमा संसद्ले छड्के परीक्षण गर्न सक्छ । जनताबाट 'भिटो पावर' बोकेर आएको सरकार प्रमुख अधिनायकवादी बन्न खोजेको अवस्थामा संसद्ले अङ्कुश लगाउन सक्छ । अर्का पटकको निर्वाचनमा जनताले पराजय गर्न सक्छन् । कहिलेकाहीँ सरकार प्रमुख शक्तिशाली हुन पुगेको अवस्थामा उसको पार्टी संसद्मा कमजोर हुनसक्छ । विपक्षीहरू शक्तिशाली बन्न सक्छन् ।

त्यसो हुँदा विपक्षीहरूको विश्वास नजिती काम गर्न नसक्ने अवस्था आउन सक्छ । त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा राष्ट्रपति कमजोर हुँदा भिटो प्रयोग गर्ने अधिकार सुरक्षित गरिएको हुन्छ । अधिनायकवादी बन्ने अवस्थामा संसद्मा महाअभियोगको व्यवस्था सुरक्षित गरिएको हुन्छ । यसरी सन्तुलन कायम गरिएको प्रणालीलाई एकाङ्गी रूपमा निरङ्कुशतासँग मात्र जोड्न खोज्नु न्यायोचित देखिँदैन ।

त्यसो त गैरसंसदीय व्यवस्था भन्ना साथ प्रत्यक्ष निर्वाचित कार्यकारी भन्ने मात्रै हुँदैन । मिश्रित प्रणाली पनि हुन्छ । त्यसलाई फ्रान्सेली मोडल भनेर पनि चिनिन्छ । जसमा जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसद्बाट निर्वाचित प्रधानमन्त्री हुन्छ । राष्ट्रपति र प्रधानमन्त्रीको कार्यक्षेत्र र अधिकारको स्पष्ट बाँडफाँट गरिएको हुन्छ । प्रधानमन्त्री सैद्धान्तिक रूपमा संसद्प्रति उत्तरदायी हुन्छ । अर्को विकल्पका रूपमा जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था पनि हुनसक्छ । स्थिर सरकारका रूपमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री तथा राज्यप्रमुखका रूपमा संसद्बाट निर्वाचित राष्ट्रपतिको व्यवस्था गरेर पनि नेपालमा कायम रहेको राजनीतिक अस्थिरता र सङ्क्रमणलाई हल गर्न पनि सकिन्छ ।

कुनै समय मध्यपूर्वका शक्तिशाली राष्ट्र इजरायलले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको अभ्यास गरेको थियो । अहिले भने यस्तो शासकीय स्वरूपको अभ्यास विश्वको कुनै पनि देशमा छैन । हाल विश्वमा संसद्बाट निर्वाचित प्रधानमन्त्री रहने 'वेष्टमिनिस्टेरियल' प्रणाली, प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा अध्यक्षात्मक प्रणाली र मिश्रित प्रणाली अभ्यासमा रहेका छन् । नेपालले आजसम्म अभ्यास गरेको प्रणाली संसदीय सर्वोच्चता रहने वेष्टमिस्टेरियल प्रणाली हो । त्यसैको विकल्पको खोजीमा अहिले बहस चलिरहेको छ । यी शासकीय स्वरुपका आ-आफ्नै निर्वाचन प्रणालीहरू रहेका छन् । अमेरिकाको राष्ट्रपतीय निर्वाचन प्रणालीमा जनताले सोझै राष्ट्रपतिका उम्मेदवारलाई भोट हाल्ने व्यवस्था छैन । त्यहाँ 'इलेक्टोरल कलेज' मार्फत राष्ट्रपतिको निर्वाचन हुन्छ ।

जनताले ५ सय ३८ इलेक्टोरलाई विभिन्न राज्यबाट राष्ट्रपति छान्नका लागि निर्वाचित गर्छन् । त्यस मध्ये २ सय ७० इलेक्टोरको समर्थन प्राप्त गर्ने व्यक्ति नै राष्ट्रपति निर्वाचित हुन्छ । तर निर्वाचित राष्ट्रपति शक्तिशाली सरकार प्रमुख र राज्यप्रमुखका रूपमा रहन्छन् । त्यसै गरी ब्राजिल, चिली, मेक्सिको, भेनेजुएला, दक्षिण कोरिया, मालदिभ्स, श्रीलङ्का लगायतका देशहरूमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहेका छन् ।

अहिले नेपालमा चलिरहेको बहस भनेको जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री वा राष्ट्रपतिको हो । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री भए त्यहाँ राष्ट्रपतिको भूमिका राज्य प्रमुखको रूपमा आलङ्कारिक मात्र हुन्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति भएमा सरकार प्रमुख र राज्य प्रमुख दुवै एउटै व्यक्ति हुन्छ ।

राजनीतिक अस्थिरताको दुष्चक्र अन्त्यका लागि नेपाललाई पाँच वर्ष वा निश्चित समयसम्म टिक्न सक्ने शासकीय स्वरूपको आवश्यकता छ । त्यो भनेको यी दुई विकल्प या फ्रान्सेली शैलीको मिश्रित प्रणालीबाट मात्रै सम्भव छ । कार्यकारी प्रमुखको निर्वाचन प्रणाली अपनाउँदा निर्वाचक मण्डलबाट नभएर जनताबाट प्रत्यक्ष निर्वाचित हुने प्रणाली अपनाउनु उपयुक्त हुन्छ । त्यसो गर्दा प्रत्येक जनताको आफ्नो भावना र अपनत्व जोडिएको हुन्छ ।

आफ्ना एजेन्डा लिएर गएका उम्मेदवारहरूमध्ये जनताको प्रत्यक्ष मत मार्फत स्पष्ट बहुमत ल्याउने उम्मेदवार नै विजयी हुने प्रणाली नेपालको हकमा उपयुक्त हुन्छ । उम्मेदवारहरूमध्ये पहिलो चरणमा कसैले स्पष्ट बहुमत ल्याउन नसकेको अवस्थामा दोस्रो चरणमा प्रमुख दुई प्रतिस्पर्धीको निर्वाचन गराउन सकिन्छ । उम्मेदवारहरू मध्ये पहिलो हुनेलाई निर्वाचित गरेमा बहुमतको भावनाको प्रतिनिधित्व नहुने परिस्थिति पनि बन्न सक्छ ।

सबै क्षेत्र, जाती, लिङ्ग र भाषाको सुनिश्चित सहभागिताका लागि पूर्ण समानुपातिक जनप्रतिनिधि संस्था तथा स्थिर सरकारका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी नै नेपालका लागि सबैभन्दा उपयुक्त मोडल हुन सक्छ । बारम्बारको निरङ्कुशताले अत्तालिएको नेपाली समाज प्रत्यक्ष निर्वाचित कार्यकारीको नयाँ प्रयोगमा जाने बित्तिकै अधिनायकवादी शासनमा फस्ने त होइन भनेर चिन्तित हुनु स्वाभाविकै हो ।

आजको हाम्रो राजनीतिको महारोग चरम अस्थिरता नै हो । अस्थिरताको यस्तो दुष्चक्रबाट देशलाई मुक्त गर्न अब विविधताको बिचबाट पनि प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थामा जानुको विकल्प नै छैन । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको बीचमा हुने आपसी नियन्त्रण र सन्तुलनका लागि प्रशस्त बहस गर्न सकिन्छ । उचित विधि अवलम्बन गर्दै प्रत्यक्ष कार्यकारी प्रमुख अधिनायक बन्नबाट रोक्न सकिन्छ । जनताको मत नै सबैभन्दा शक्तिशाली हुने सुनिश्चित भएपछि नेतृत्व अद्यावधिक नहुने भन्ने पक्कै हुँदैन । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र अधिनायकवादलाई एउटै तुलामा जोख्नु गलत हुन्छ । तसर्थ अस्थिरताको अन्त्यका लागि अब हिम्मतसाथ निर्णय गर्नै पर्ने हुन्छ ।

*(साभार: रातोपाटी)*

# नेपाल-भारत ऊर्जा व्यापार व्यवधान

✍दुनबहादुर बुढाथोकी

सन् १९६७ मा २२.१ मेगावाट क्षमताको त्रिशूली जलविद्युत् आयोजना, सन् १९६९ मा १ मेगावाट क्षमताको फेवा आयोजना, सन् १९७९ मा १५ मेगावाट क्षमताको गण्डक आयोजना, सन् १९८४ मा १४.१ मेगावाट क्षमताको देवीघाट आयोजना, सन् १९९६ मा ३.२ मेगावाट क्षमताको चतराजस्ता आयोजनाहरु निर्माणका लागि आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराएको भारत अहिले जलविद्युत् क्षेत्रमा सर्वाधिक प्रत्यक्ष वैदेशिक लगानी गर्ने मुलुक पनि हो । ९ सय मेगावाट क्षमताको अरुण तेस्रो, ६ सय ७० मेगावाट क्षमताको तल्लो अरुण, अरुण फोर, ९ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली, ८ सय मेगावाट क्षमताको पश्चित-सेती, ४ सय ५० मेगावाट क्षमताको एसआर सिक्स, ४ सय ८० मेगावाट क्षमताको फुकोट कर्णाली, ६ सय मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दीजस्ता ठूला जलविद्युत् आयोजनाहरु सतजल निगम, जीएमआर इनर्जी, एनएचपीसीजस्ता भारतीय कम्पनीहरुको प्रत्यक्ष्य वैदेशिक लगानीमा अगाडि बढ्नु त्यसैको दृष्टान्त हो ।

जलविद्युत् लगायत व्यापार-वाणिज्य प्रवर्द्धनार्थ दुई मुलुलकबीच सन् २०११ अक्टुबर २१ मा द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण (बिप्पा), सन् २०११ नोभेम्बर २७ मा दोहोरो कर मुक्ति सम्झौता (डीटीटीए), ऊर्जा व्यापार प्रवर्द्धनार्थ २०१४ अक्टुबर २१ मा विद्युतीय ऊर्जा व्यापार, अन्तर-सीमा प्रसारण लाइन र ग्रीड अन्तरआबद्धताजस्ता सन्धि-सम्झौताहरु भइसकेको भए तापनि भारतीय रबैयाका कारण नेपालको जलविद्युत् क्षेत्रले अनेक व्यवधानहरु झेलिरहेको छ ।

### चिनियाँ लगानी निरुत्साहित

पछिल्लो समयमा भारतद्वारा जल विद्युत्लाई व्यापारिक वस्तुभन्दा रणनीतिक वस्तुको रुपमा उपयोग गर्ने रणनीति अवलम्बन गरिएको छ । भारतीय रबैयाको कारण चिनियाँ लगानी निरुत्साहित हुन पुगको छ । विगतमा विद्युत् खरिद गर्ने सुनिश्चय नहुँदा ८ सय मेगावाट क्षमताको पश्चिम सेती आयोजनाबाट चिनियाँ कम्पनी थ्रीगर्गेज फर्कन बाध्य हुनु, १२ सय मेगावाट क्षमताको बुढीगण्डकी आयोजनावाट चाइना गेजुवा ग्रुप अफ कम्पनी पछि हट्नुमा भारतीय ऊर्जा बजार अनिश्चितता प्रमुख कारण थिए ।

वस्तुत: भारतीय ऊर्जा सम्झौता नगरेको मुलुकको लगानीमा उत्पादित विद्युत् आयातमा प्रतिवन्ध लगाउने गरी ऊर्जा खरिद-बिक्री निर्देशिका जारी गरिएको छ । सोही कारण भारतले चिनियाँ लगानी वा चिनियाँ ठेकेदार सम्लग्न रहेको आयोजनाबाट उत्पादित विद्युत् खरिद गर्न आनाकानी गर्दै आइरहेको छ । माथिल्लो तामाकोशी जलविद्युत् चिनियाँ कम्पनी सिनो हाइड्रो कर्पोरेसन लिमिटेडले सिभिल संरचना निर्माण गरेकै कारण २ वर्षदेखि उक्त आयोजनाबाट उत्पादित विद्युत् खरिद नगर्नु त्यसैको दृष्टान्त हो ।

अर्थात् भारतमा विद्युत् निर्यात गर्न जलविद्युत् आयोजनाको मानक उसले जारी गरेको निर्देशिका अनुकूल हुनुपर्दछ । भारतीय उदासीनताको कारण पञ्चेश्वर बहुउद्देश्यीय आयोजना अनिर्णयको बन्दी वनिरहेको छ । जीएमआर इनर्जीको जवाफदेहिताको अभावमा माथिल्लो कर्णाली आयोजनाको शुरुवात अझै बेटुंगो छ । १० हजार ८ सय मेगावाटको कर्णाली चिसापानीको अध्ययन दुई वर्षभित्र अगाडि बढाउने कुरा अघि बढे तापनि तल्लो तटीय लाभ र सामाजिक असरसँग सम्बन्धित विषयहरु टुंगो लगाउन उदासीन बनेको छ ।

जबकि उक्त आयोजना निर्माण हुँदा नेपालले थप २ लाख हेक्टर जमिनमा मात्र सिंचाइ सुविधा प्राप्त गर्दा भारतले ३४ लाख जग्गामा थप सिंचाइ सुविधा पुऱ्याउन सक्छ । त्यस्तै, आयोजना निर्माण र विद्युत् बिक्रीको सवालमा भारतले विद्युत् खरिद गर्ने चासो नदेखाउँदा पश्चिम सेती आयोजनाबाट एसियाली विकास बैंकले हात झिकेको विगतको नजिर छ ।

### बंगलादेशमा विद्युत् निर्यात

भारतको इच्छाबेगर बंगलादेशमा दीर्घकालसम्म विद्युत् निर्यात गर्न असम्भव छ । बंगलादेशमा बेरोकटोक विद्युत् निर्यात गर्न डेडिकेटेट प्रसारण लाइन आवश्यक पर्ने भए तापनि भारत सहमत भइसकेको छैन् । बंगलादेशमा विद्युत् पुऱ्याउन उपयोग गरिएको ४ सय केभी प्रसारण लाइनको बहरामपुरा-भेरामारा क्षेत्रको क्षमता १ हजार मात्र रहेकोमा ९ सय ६० मेगावाट बराबरको क्षमता भारतले उपयोग गरिसकेको कारण ४० मेगावाट मात्र पठाउन सकिएको अवस्था छ । यसको विकल्पमा डेडिकेटेट लाइन निर्माणका लागि नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय सम्झौता आवश्यक पर्ने भए तापनि भारत उदासीन बनेको छ । त्यस्तै, भारतले स्वीकृति उपलब्ध गराएको आयोजनाबाट उत्पादित विद्युत् मात्र बंगलादेशमा निर्यात गर्न सकिने अवस्था छ । अर्थात् नेपालले चाहेको आयोजनाको विद्युत्भन्दा भारतले स्वीकृत जनाएको आयोजाको विद्युत् निर्यात गर्नुपर्ने बाध्यता छ । अर्को शव्दमा भन्नुपर्दा, बंगलादेशमा निर्यात गरिने विद्युत् भारतीय अन्तरदेशीय विद्युत् व्यापार निर्देशिका अनुकूल हुनुपर्दछ । त्यस्तै, बंगलादेशमा विद्युत् निर्यात गर्न भारतीय प्रसारण करिडोर बुकिङ गर्नुपर्दछ ।

### बचत विद्युत् खेर

नेपालमा बचत हुने गरेको विद्युत् कतिपय समयमा भारतले खरिद गर्न अस्वीकार समेत गर्ने गरेको छ । अर्थात् नेपालको विद्युत् खरिद गर्ने वा नगर्ने भारतको इच्छामा निर्भर गर्ने गरेको छ । भारतले विद्युत् खरिद नगर्दा विगतमा बिजुली खेर गएको थुप्रै नजिर छन् । वि.सं. २०७७ मा ५ अर्ब रुपियाँ बराबरको, वि.सं. २०७८ मा १.६३ अर्ब बराबरको, वि.सं. २०७९ मा २.८३ अर्ब बराबरको, वि.सं. २०८० मा २.७२ अर्ब बराबरको विद्युत् भारतले खरिद नगरेकै कारण खेर गएको थियो । हेक्का रहोस्, एक युनिट बिजुली खेर जानु भनेको १ सय रुपियाँ नोक्सान हुनु हो ।

अहिले पनि भारतले ९ सय ४१ मेगावाटसम्म मात्र आयात अनुमति उपलब्ध गराएको छ । अर्थात् उक्त परिमाणभन्दा अधिक विद्युत् चाहेर पनि बिक्री गर्न सकिने अवस्था छैन । वस्तुत: नवीकरणीय ऊर्जाको लागि भारत नेपालमाथि भर पर्न चाहिरहेको छैन । त्यस्तै दीर्घकालीन विद्युत् व्यापार सम्झौताका लागि उदासीन बनिरहको छ ।

### विस्फोटक पदार्थ आयातमा व्यवधान

जलविद्युत् आयोजना निर्माणको क्रममा आवश्यक पर्ने विस्फोटक पदार्थ भारतबाट आयात गर्दा सस्तो र सहज हुने सन्दर्भमा समय-समयमा विस्फोटक पदार्थ आयात अनुमति दिन आनाकानी गर्ने गरिएको छ । पछिल्लो समयमा तनहुँ, रोल्वालिङ खोला, सुपर बलेफी, जुम खोला, लुप्चे लिखु, छुजुङ खोलालगायत ४७ वटा आयोजनाहरुलाई आवश्यक पर्ने विस्फोटक पदार्थ आयातार्थ समयमै नो अब्जेक्सन लेटर (एनओसी) उपलब्ध नगराइएको कारण ती आयोजनाहरुले विस्फोटक पदार्थको अभाव झेलेका हुन् । सोही कारण निर्माणाधीन ३ हजार मेगावाट बराबरका आयोजनामध्ये ८० प्रतिशत निर्माण सम्पन्न समय विन्दु ६ महिनादेखि १ वर्षपछाडि धकेलिन पुगेको नजिर छ ।

### विद्युत् व्यापार सम्झौता

सन् २०१४ अक्टुबर २१ नेपाल-भारतबीच विद्युत् व्यापार, अन्तरदेशीय प्रसारण र ग्रीड अन्तरआबद्धता सम्बन्धी सम्झौतामा दुई देशका प्रचलित कानुन र पारस्परिक सहमतिका आधारमा लगानीलाई प्रोत्साहन एवं सहजीकरण गर्न सक्ने, प्रसारण लाइन वा जलविद्युत् परियोजना वा संयुक्त उद्यम स्थापना गर्दा छुट्टै सम्झौता गर्न सक्ने, अधिकृत इजाजतपत्र प्राप्त विद्युत् कम्पनीमार्फत विद्युत् खरिद-बिक्री गर्न सक्ने, पहिचान भएका ऊर्जा क्षेत्रमा सहयोग प्रवर्द्धन र सहजीकरण गरिने उल्लेख छ ।

### अन्तरसीमा विद्युत् खरिद-बिक्री निर्देशिका

सन् २०२१ मा जारी अन्तरसीमा विद्युत् खरिद-बिक्री निर्देशिकामा भारतले जलविद्युत्लाई व्यापारिक वस्तुको अलावा अन्तर्राष्ट्रिय सम्बन्धको उपज एवं रणनीतिक वस्तुको रुपमा अगाडि सारेको छ । सो अनुरुप ऊर्जा व्यापार तथा लगानी बजारले निर्धारण गर्ने नभई राज्यले निर्णय गर्ने विषय हो भनिएको छ । परराष्ट्र मन्त्रालयको सिफारिसमा ल्याईएको उक्त निर्देशिकामा भारतसँग सीमा जोडिएका तर विद्युत् व्यापार सम्झौता नभएका मुलुकको विद्युत् खरिद नगर्ने उल्लेख छ ।

प्रस्तुत सन्दर्भमा, भारतसँग विद्युत् व्यापार सम्झौता नभएका मुलुकहरुद्वारा निर्मित आयोजनाको विद्युत् निर्यात गर्न परराष्ट्र मन्त्रालयमार्फत केन्द्र सरकारसँग सम्झौता गर्नुपर्दछ । अर्थात् केन्द्र सरकारले चाहेमा मात्र विद्युत् निर्यात अनुमतिपत्र प्राप्त हुन सक्छ । भारत-चीनबीच विद्युत् व्यापार सम्झौता नभइसकेको सन्दर्भमा नेपालमा चिनियाँ लगानीमा निर्मित आयोजनाहरुबाट उत्पादित विद्युत् भारतले खरिद नगर्न सक्छ । जबकि सिभिल, हाइड्रोइलेक्ट्रिक र हाइड्रोमेकानिकल क्षेत्रमा चिनियाँ सम्लग्नतासहित थुपै सार्वजनिक तथा निजी जलविद्युत् आयोजनाहरु निर्माण भइरहेका छन् । स्मरण रहोस्, उक्त खरिद-बिक्री निर्देशिका सार्क ऊर्जा फ्रेमवर्क, २०१४ को खिलापको कदम हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# सरकारको आम्दानी र खर्चबीच डेढ खर्बको खाडल

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिना (साउन-मंसिर) मा सरकारको आम्दानी र खर्चबीच डेढ खर्ब रुपैयाँ बराबर खाडल देखिएको छ ।




महालेखा नियन्त्रकको कार्यालयकाअनुसार मंसिर मसान्तसम्म सरकारले राजस्व, वैदेशिक अनुदान र अन्य आम्दानीबाट ४ खर्ब १४ अर्ब ९० करोड रुपैयाँ आम्दानी गरेको छ । यसअवधिमा चालु, पूँजीगत र वित्तीय व्यवस्थामा ५ खर्ब ६४ अर्ब ४६ करोड रुपैयाँ खर्च भएको छ । कार्यालयका अनुसार सरकारको खर्च र आम्दानीबीच १ खर्ब ४९ अर्ब ५५ करोड ८५ लाख बराबर अपुग रहेको देखिन्छ । अपुग रकमका लागि सरकारले सार्वजनिक ऋण लिने गर्छ । सार्वजनिक ऋण भुक्तानीका लागि नै थप ऋण लिनुपर्ने बाध्यता सरकारसँग छ । सरकारको राजस्व आम्दानीले मुस्किलले चालु खर्चमात्र धान्न सक्ने अवस्था देखिन्छ ।

मंसिरसम्म सरकारले राजस्वबाट ४ खर्ब ६ अर्ब ३० करोड आम्दानी गरेको छ । चालु आर्थिक वर्षको पहिलो पाँच महिना चलिरहँदा पनि पूँजीगत खर्चको गति भने सुस्त छ । महालेखाका अनुसार मंसिर मसान्तसम्म सरकारले ३३ अर्ब ८७ करोडमात्र पूँजीगत खर्च गर्न सकेको छ । जुन वार्षिक लक्ष्यको ८.३ प्रतिशतमात्र हो । यसवर्ष सरकारले कुल १९ खर्ब ६४ अर्बको बजेट कार्यान्वयन गरिरहेको छ । यसमध्ये पूँजीगत बजेट ४ खर्ब ७ अर्ब ८८ करोड छ । चालुखर्च भने लक्ष्यको ३३.७ प्रतिशत भइसकेको छ ।

यसवर्ष चालु प्रकृतिको बजेट ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन गरिएको थियो । यसमध्ये मंसिर मसान्तसम्म ३ खर्ब ९८ अर्ब खर्च भइसकेको तथ्यांकले देखाउँछ । वित्तीय व्यवस्थातर्फ १ खर्ब ३२ अर्ब खर्च भइसकेको छ । यो लक्ष्यको ३५.३२ प्रतिशत हो । यसवर्ष सरकारले वित्तीय व्यवस्थामा ३ खर्ब ७५ अर्ब विनियोजन गरेको छ । मंसिरसम्म भएको कुल बजेटखर्च लक्ष्यको २८.७४ प्रतिशत हो । अर्थ मन्त्रालयका अनुसार चालु आव मंसिर मसान्तसम्म ४ खर्ब ९ अर्ब ७८ करोड रुपैयाँ राजस्व संकलन गरेको छ । यो पाँच महिना अवधिमा ५ खर्ब २० अर्ब ४४ करोड राजस्व संकलन लक्ष्य लिएको थियो । तर, लक्ष्यको ७८.७४ प्रतिशत मात्रै राजस्व संकलन भएको हो ।

मंसिरमा मात्रै ९५ अर्ब २० करोड राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा ८० अर्ब २७ करोड संकलन भएको छ । मंसिरमा संकलन भएको राजस्व लक्ष्यको ८४.३१ प्रतिशत हो । यो पूरै आव सरकारले कुल १४ खर्ब ८० अर्ब रुपैयाँ राजस्व संकलन लक्ष्य लिएको छ । गत आर्थिक वर्ष पाँच महिना अवधिमा सरकारले ४ खर्ब ५ अर्ब ७७ करोड राजस्व संकलन गरेको थियो । समीक्षा अवधिमा राजस्व संकलन करिब ४ अर्ब मात्रै बढेको छ । गत आव पाँच महिनामा लक्ष्यको ८१.९ प्रतिशत राजस्व संकलन भएको थियो ।

अर्थ मन्त्रालयका अनुसार भन्सार महसुल लक्ष्यको ७७.०९ प्रतिशतमात्र उठेको छ । यसअवधिमा १ खर्ब २२ अर्बको भन्सार महसुल उठ्ने अनुमान गरिएको थियो । संकलन भने ९४ अर्ब ५ करोडमात्र भएको छ । त्यस्तै मूल्य अभिवृद्धि कर (भ्याट) १ खर्ब ५४ अर्ब उठ्ने लक्ष्य राखिएको थियो । संकलन १ खर्ब ३५ अर्बमात्र भएको छ । जुन लक्ष्यको ८७.५८ प्रतिशत हाराहारी हो । अन्त:शुल्क ८४ अर्ब ३० करोड उठ्ने लक्ष्य राखिएकोमा संकलन ७६ अर्ब ६ करोड भएको छ । जुन लक्ष्यको ९०.२२ प्रतिशत हो । आयकर १ खर्ब ११ अर्ब ७८ करोड उठ्ने लक्ष्य रहेकोमा ७४ अर्ब २६ करोडमात्र संकलन भएको छ । जुन लक्ष्यको ६६.४४ प्रतिशतमात्र हो ।

# राक्सिराङमा नारी सीपको सार्वजनिक सुनुवाइ



साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/राक्सिराङ गाउँपालिकामा सार्वजनिक सुनुवाइ तथा सरोकारवालासँग समन्वय बैठक सम्पन्न भएको छ । मकवानपुरमा सुरक्षित स्थानागमन प्रवर्द्धन परियोजनाअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको नारीसीप सिर्जना केन्द्रको आयोजनामा कार्यक्रम भएको हो ।

कार्यक्रममा नारीसीप सिर्जना केन्द्रले गाउँपालिकाको सातवटा वडामा सञ्चालन गरिरहेको सचेतनामूलक तथा जीविकोपार्जन सम्बन्धी कार्यक्रमबारे जानकारी गराइएको थियो । परियोजना संयोजक ज्योति बम्जनले परियोजनाअन्तर्गत सम्पन्न विभिन्न कार्यक्रम, तालिम तथा सिँचाइ आयोजनाबारे जानकारी दिँदै लागत, प्रभावकारिता तथा लाभान्वित समुदायको जीवनस्तरमा आएको सुधारका विषयमा चर्चा गरिन् ।


नारी सीपका कार्यकारी निर्देशक प्रवीण बास्तोलाले परियोजना मार्फत् सञ्चालन गरिएका कार्यक्रम समुदायको माग र आवश्यकताका आधारमा तय गरिएको बताउँदै कार्यक्रमको सहजीकरण गरे । कार्यक्रममा सहभागीले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा गाउँपालिकाको भूमिका र कार्ययोजनाबारे जिज्ञासा राखे । उनीहरुले परियोजनाअन्तर्गतका कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरे । गाउँपालिका अध्यक्ष राजकुमार मल्लले परियोजनाले गाउँपालिकाको चौतर्फी विकासमा इँटा थप्ने काम गरेको बताए ।

उनले परियोजनालाई निरन्तरता दिन आग्रह गरे । सुरक्षित वैदेशिक रोजगार तथा मानवबेचबिखन नियन्त्रणका सवालमा परियोजनाले दिएको मार्गदर्शन अनुसार गाउँपालिका गम्भीर रहेको उनको भनाइ छ । परियोजनाकै मर्मअनुसार सेफ हाउस निर्माण तथा सञ्चालन, वैदेशिक रोजगारमा समस्यामा परेकाको उद्दार तथा समाजमा आत्मनिर्भर बनाउन आवश्यक तालिम र सामग्री प्रदान गर्ने काम भइरहेको उनले बताए । गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ र वडाध्यक्ष उत्तम वाइबाले पनि परियोजनाले गाउँपालिकामा पुर्‍याएको सहयोगको प्रशंसा गरे ।

नारी सीप सिर्जना केन्द्रकी अध्यक्ष नानीमाया चापागाईंले हाल सञ्चालनमा रहेको परियोजनाको समयावधि सकिन लागेको बताउँदै राक्सिराङको माग र आवश्यकता अनुसार थप कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावना रहेको बताइन् । उनले जनप्रतिनिधि, स्थानीय तथा सरोकारवालाको सहकार्यमा परियोजना सफलतापूर्वक सञ्चालन भएको उल्लेख गरिन् ।

नारीसीपले एडब्लुओ इन्टरनेशनल र बीएमजेडको सहकार्यमा मकवानपुरमा सुरक्षित स्थानागमन प्रवर्द्धन परियोजना सञ्चालन गर्दै आएको छ ।

# चितवन हात्ती महोत्सवको मुख्यमन्त्री बानियाँले उद्घाटन गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/पर्यटकीय नगरी सौराहामा १९ औं चितवन हात्ती तथा पर्यटन महोत्सव २०८२ आयोजना हुने भएको छ ।

नेपाल पर्यटन बोर्डले मंगलवार पत्रकार सम्मेलनको आयोजना गर्दै अगामी पुस ११ देखि १३ गतेसम्म चितवन हात्ती तथा पर्यटन महोत्सव आयोजना हुने जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा क्षेत्रीय होटल संघ नेपाल चितवनका महासचिव महेश खनालले रत्ननगर नगरपालिकाको संरक्षकत्व तथा संघको आयोजनामा आयोजना हुने महोत्सवको बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्घाटन गर्ने जानकारी दिए ।

उनले सौराहामा दुईदशक अघिदेखि आयोजना हुँदै आएको हात्ती महोत्सवले सौराहासहित चितवनमा पर्यटक आगमनमा वृद्धि भई चितवनका पर्यटकीय गन्तव्यलाई विश्वसामु परिचित गराउन थप योगदान गरेको बताए । खनालले डिजिटल प्रविधिबाट कार्यक्रमको प्रवर्द्धन गर्ने उद्देश्यले यस वर्षदेखि वन्यजन्तु तथा वातावरणमैत्रीको लागि प्रकृति अनुकूल स्टल र स्टेज निर्माण गरिने जानकारी गराए । खनालले बहुलजाति, बहुभाषा र कला संस्कतिको प्रवर्द्धन गर्दै भाविष्यको संरक्षण समेत महोत्सवको विषेशता रहेको बताए ।

करिव ८० वटा हातीद्वारा शोभायात्रा, विभिन्न जातजातिको सांस्कृतिक झाँकी प्रदर्शन, हात्तीको अंगार प्रतियोगिता कार्यक्रमस्थलमा लाईभ हात्ती माउतेद्वारा हात्तीलाई स्केच, चकले हात्तीलाई श्रृंगारपटार गरिने, हात्तीको स्वास्थ्य शिबिर लगायत महोत्सवका आकर्षणहरु रहेको खनालको भनाइ छ ।

# पोलदम्की पक्की पुलको शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ मकवानपुरको भीमफेदी गाउँपालिका-३ अन्तर्गत पोलदम्की क्षेत्रमा बागमती प्रदेश सरकारको लगानीमा निर्माण हुन लागेको पक्की पुलको शिलान्यास गरिएको छ ।

प्रदेश सरकारको ३ करोड लगानी रहेको पुलको मंगलबार औपचारिक कार्यक्रमबीच बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तानले शिलान्यास गरेकी हुन् । पुलले वर्षौंदेखि वर्षायाममा भोगिँदै आएको आवतजावतको समस्या अन्त्य गर्ने विश्वास गरिएको छ । कार्यक्रममा मोक्तानले वडाअध्यक्ष प्रितिलाल लामाको निरन्तर पहल र सहजीकरणकै कारण यो महत्वपूर्ण पूर्वाधार परियोजना कार्यान्वयन चरणमा प्रवेश गरेको बताइन् । मोक्तानले लेकपान्द्राङदेखि पारीपाखा सिमलटार, चिलाउने हुँदै पोलदम्की सम्मका बस्तीलाई जोड्ने यो पुल केवल संरचनामात्र नभई स्थानीय जनजीवन परिवर्तनको आधार बन्ने उल्लेख गरिन् ।

'पुल सञ्चालनमा आएपछि कृषिउपजको ढुवानी सहज भई स्थानीय अर्थतन्त्र चलायमान हुने अपेक्षा गरिएको छ' उनले भनिन् । प्रदेश सरकारको बजेट स्रोतबाट निर्माण हुने पुलले विशेष गरी वर्षायाममा खोलानाला तर्नुपर्ने जोखिम हटाउनेछ । यसले वडा नं ३ का नागरिकलाई शिक्षा, स्वास्थ्य र बजारसम्म पहुँच विस्तार गराउने महत्वपूर्ण माध्यमका रुपमा काम गर्ने बताइएको छ । वडाअध्यक्ष प्रितिलाल लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मकवानपुर जिल्ला समन्वय समिति सभापति ललित घलान विशेष अतिथि रहेका थिए ।

भीमफेदी गाउँपालिका उपाध्यक्ष सञ्जीव श्रेष्ठ, नेकपा भीमफेदी संयोजक बद्री स्याङ्तान सहित पार्टीका विभिन्न तहका नेताकार्यकर्ता, स्थानीय उपभोक्ता र सरोकारवाला नागरिकको उपस्थिति रहेको थियो । कार्यक्रममा वडाअध्यक्ष लामाले पुल निर्माणलाई पारदर्शी, गुणस्तरीय र समयमै सम्पन्न गराउन उपभोक्तासँग निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# हेटौंडा अस्पतालमा ६ दिनको नवजातशिशुको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/हेटौंडा अस्पतालमा ६ दिनको नवजात शिशुको मृत्यु भएपछि परिवारले उपचारमा गम्भीर लापरबाही भएको आरोप लगाएका छन् ।

घटनालाई लिएर आफन्त र अस्पताल प्रशासनबीच तनावपूर्ण अवस्था सिर्जना भएको छ भने निष्पक्ष छानबीनको माग गरिएको छ । परिवारका अनुसार मङ्सिर २५ गते अस्पतालमै सामान्य प्रसूति भएर शिशु जन्मिएको थियो ।

आमा र शिशु दुवैको अवस्था सामान्य रहेको भन्दै घर जान चाहँदा अस्पताल प्रशासनले नछाडेको र भोलिपल्ट मङ्सिर २६ गते नवजात शिशुलाई भर्ना गरिएको उनीहरुको भनाइ छ । भर्नापछि शिशुको नियमित चिकित्सकीय जाँच नहुने र नर्सहरु पनि समयमा उपस्थित नहुने गरेको परिवारको आरोप छ ।

शिशुका बाबु विशाल ओलीका अनुसार पुस १ गते बिहान करिब साढे ३ बजेसम्म दूध खाएर सुतेको शिशुलाई फोटो थेरापी मेसिनमा राख्नुपर्ने भन्दै राखिएको थियो । अस्पतालको निर्णयप्रति आफूले सुरुदेखि नै शंका व्यक्त गरेपनि नर्स वा चिकित्सकले गम्भीर रुपमा नलिएको उनले बताए । 'बिहान ५ बजेतिर मेसिनमै राखिएको अवस्थामा मेरो छोराको मृत्यु भयो,' ओलीले भने, 'निकाल्दा शिशुको एकपटीको कान र शरीरका केही भाग जलेको जस्तो निलो देखिएको थियो ।'

यता अस्पताल प्रशासनले भने आरोप अस्वीकार गरेको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाका अनुसार शिशुको मृत्यु आमाको दूध चुस्ने क्रममा सर्किएर भएको हो । बालरोग विशेषज्ञ डा. हरि खड्काले फोटो थेरापी मेसिनबाट करेन्ट लाग्ने सम्भावना नै नभएको दाबी गरेका छन् ।

**सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।**

- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन चलाउँदा सावधानी अपनाऔं.
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

*सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।*

हेटौंडा उपमहानगरपालिका
**१७ नं. वडा कार्यालय**
हटिया, हेटौंडा, मकवानपुर

**बाल विवाह अन्त्यका लागि सहकार्य गरौं**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

बालविवाह गराउनेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था छ ।

हेटौंडा उपमहानगरपालिका
**८ नं. वडा कार्यालय**
हेटौंडा, कमाने, मकवानपुर

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

